अनुसूची-२

आ.व. २०८०/८१ को आय र व्यय

श्रद्धेय सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष ज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

यस ग्रामथान गाउँपालिकाकोतेह्रौंगाउँसभाको सभाअध्यक्ष तथा गाउँपालिका अध्यक्ष श्री जय प्रकाश गच्छदार थारु ज्यू, प्रमुख अतिथि संघीय सासंदएवंम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमाननिय श्री अमन लाल मोदी ज्यू, विशिष्ट अतिथि प्रदेश सासंदमाननिय श्री जयप्रकाश चौधरी ज्यू,विशिष्ट अतिथि प्रदेश सासंदमाननिय श्री ललिता चौधरी ज्यू,गाउँसभामा उपस्थित गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न राजनितिक दलका प्रतिनिधीहरु, संचारकर्मीहरु तथा स्थानीय सुरक्षा निकायको प्रतिनिधित्व गर्दै गाउँसभामा उपस्थित हुनु भएका प्रतिनिधि ज्यूहरु लगायत विशिष्ट महानुभावहरुगाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक अभिवादन गर्दछु ।

ग्रामथान गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस तेह्रौं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८०।८१को आय तथा व्ययको विवरण प्रस्तुत गरि रहँदा अत्यन्त खुसी भएको छु । यस महत्वपूर्ण अवसरमा राष्ट्रियता, सामाजिक न्याय, सामाजिक रुपान्तरण, समानता र समृद्धि तथा संघिय शासन प्रणाली स्थापित गर्नका लागि जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु र यो महान उपलब्धिका लागि संघर्ष गर्नु हुने महान नेपालीहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

**"विकास र समृद्धिको लागि साथ तपाईको नेतृत्व हाम्रो"**भन्ने मुल नारालाई आत्मासाथ गरि गाउँपालिका बासिलाई परिवर्तनको अनुभुति दिलाउने गरि गाउँपालिका अघि बढि रहेकोछु ।

ग्रामथान गाउँपालिकाको चालु वर्षको बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहान्छु

चालु वर्षको बजेट तर्जुमा निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था, पन्ध्रौं राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फवाट समय समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावका आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्रायका साथ प्रस्तुत बजेट तयार गरिएको छ ।

अव म आ.व. २०८०।८१का लागि अनुमानित गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>गाउँपालिकाको चालु र पुजिगत बजेट।</u>

| विनियोजन तर्फ | जम्मा | प्रतिशत | रकम |
|---|---|---|---|
| चालु | १९,८६,६३,८३६ | ३५ | उन्नाइस करोड छयासी लाख त्रिसठ्ठी हजार आठ सय छत्तीस रुपैंया |
| पुँजिगत | ३६,८९,४७,१२५ | ६५ | छत्तीस करोड उनानब्बे लाख सठचालिस हजार एक सय पच्चिस रुपैंया |

चालु र पुँजीगतगरिकुल जम्मा ५६ करोड ७६ लाख १० हजार ९ सय ६१ को आय अनुमान गरिएको छ ।

## गाउँपालिकाको आम्दानी बजेट।

| आम्दानी | रकम | अक्षरेपी रु |
|---|---|---|
| संघियसमानिकरण अनुदान | 117000000 | एघारकरोड सत्तरी लाख रुपैया |
| संघियशसर्त अनुदान | 300900000 | तीसकरोड नौ लाख रुपैया |
| संघियविशेष अनुदान | 6000000 | साठीलाख रुपैया |
| संघियसमपुरक अनुदान | 8500000 | पचासीलाख रुपैया |
| संघिय राजस्व बाँडफाँड आयकर मुअक/ अन्तशुल्क | 83993800 | आठकरोड उन्नचालिस लाख तिरान्नब्बे हजार आठ सय रुपैया |
| प्रदेशसमानिकरण अनुदान | 7314000 | तिरहत्तरलाख चौध हजार रुपैया |
| प्रदेशशसर्त अनुदान | 4125000 | एकचालिस लाख पच्चिस हजार रुपैया |
| प्रदेश सरकार समपुरक अनुदान | 9748000 | सन्तानब्बे लाख अठचालिस हजार रुपैया |
| प्रदेशराजस्व बाँडफाँड\ सवारी साधनकर | 4191000 | एकचालिसलाख एकान्नब्बे हजार रुपैया |
| घरजग्गा रजिष्ट्रेसन शुल्क | 6000000 | साठीलाख रुपैया |
| दहत्तरबहत्तर | 10547913 | एककरोड पाँच लाख सङ्चालिस हजार नौ सय तेह्र रुपैया |
| आन्तरिकश्रोत | 6291248 | बास्ठीलाख एकान्नब्बे हजार दुइ सय अड्चालिस रुपैया |
| अ.ल्या.बजेट (अनुमानित) | 3000000 | तीस लाख रुपैया |
| जम्मा आम्दानी | 567610961.00 | छपन्न करोड छिहत्तरी लाख दश हजार नौ सय एकसठ्ठी रुपैया |

कुल जम्मा ५६ करोड ७६ लाख १० हजार ९ सय ६१ को आय अनुमान गरिएको छ ।

चालु वर्षको बजेटका निम्न उद्धेश्यहरु रहेका छन्

- पूर्वाधारको विकास गर्ने।
- कृषिमा विविधिकरण।
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने।
- लक्षित वर्गको सशक्तिकरण गर्ने।
- यी उद्धेश्य पुरा गर्न चालु आ.व.का प्राथमिकताहरु।
- सडक पूर्वाधार निर्माण र स्तरोन्नती।
- कृषि पर्यटन प्रबद्र्धन तथा कृषि प्रविधिको आधुनिकिरण।

- ➢ वातावरण संरक्षण।
- ➢ रोजगारीको अवसरमा बृद्धि।
- ➢ पर्यटकीय गन्तव्यहरुको उजागर गरी आर्थिक उपार्जनसँग जोड्ने।
- ➢ सामाजिक क्षमतामा बृद्धि।
- ➢ सेवा प्रवाहमा प्रभावकारीता।
- ➢ सुशासनमा जोड।
- ➢ सूचना प्रविधिमा विकास गर्ने।

बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वय गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक स्रोत साधन एवं बजेट माग गरिनेछ ।

<u>व्यय तर्फको अनुमान तपसिल अनुसार प्रस्ताव गर्दछु ।</u>

| आम्दानी | रकम | | अक्षरेपी रु |
|---|---|---|---|
| कार्यालयसंचालन तथा प्रशासनिक खर्च | 77500000.00 | 41,27,73,000.00 | सात करोड पचहत्तरी लाख रुपैंया |
| संघीयसशर्त | 300900000 | | तीसकरोड नौ लाख रुपैंया |
| संघीयविशेष अनुदान | 6000000 | | साठीलाख रुपैंया |
| संघीयसमपुरक अनुदान | 8500000 | | पचासीलाख रुपैंया |
| प्रदेश समपुरक अनुदान | 9748000 | | सन्तानब्बे लाख अठचालिस हजार रुपैंया |
| प्रदेशसशर्त अनुदान | 4125000 | | एकचालिसलाख पच्चिस हजार रुपैंया |
| कार्यपालिकासदस्य योजनाहरु | 6000000 | | साठीलाख रुपैंया |
| पुर्वाधार विकास रमानव विकास | | | |
| वडाबजेट प्रति वडा ९४ लाख | 65800000.00 | 113,500,000.00 | छ करोड अनठाउन्न लाख रुपैंया |
| वडा कार्यालय संचालन खर्च (प्रति वडा ६ लाख) | 4200000.00 | | बयालिस लाख रुपैंया |
| नमुनायोजना | 15000000.00 | | एक करोड पचास लाख रुपैंया |
| गाउँपालिकास्तरिय योजना | 14000000.00 | | एक करोड चालिस लाख रुपैंया |
| समपुरक (लागत सहभागिता) | 14500000.00 | | एक करोड पैतालिस लाख रुपैंया |

| विषयगत शाखा र अन्य | | | |
|---|---|---|---|
| प्रकोपनियन्त्रण खाता | 2500000.00 | 41,337,961.00 | पच्चीस लाख रुपैंया |
| स्वास्थ्य | 5000000.00 | | पचास लाख रुपैंया |
| शिक्षा | 14000000.00 | | एक करोड चालिस लाख रुपैंया |
| पशुपंक्षीशाखा | 1800000.00 | | अठार लाख रुपैंया |
| महिलाबालबालिका अपाङग जेष्ठ नागरिक | 1200000.00 | | बाह्र लाख रुपैंया |
| कृषि | 4000000.00 | | चालिस लाख रुपैंया |
| सहकारी | 250000.00 | | दुइ लाख पचास हजार रुपैंया |
| न्यायिकसमिती | 1500000.00 | | पन्ध्र लाख रुपैंया |
| लघुउधम विकास कार्यक्रम | 800000.00 | | आठ लाख रुपैंया |
| सामाजिकविकास | 1000000.00 | | दस लाख रुपैंया |
| CBRF | 1200000.00 | | बाह्र लाख रुपैंया |
| पंजिकरणतथा सामाजिक सुरक्षा | 500000.00 | | पाँच लाख रुपैंया |
| प्रधानमन्त्रिरोजगार कार्यक्रम | 500000.00 | | पाचँ लाख रुपैंया |
| प्राविधिकउपकरण व्यवस्थापन खर्च | 300000.00 | | तीन लाख रुपैंया |
| सूचनाप्रविधि | 700000.00 | | सात लाख रुपैंया |
| प्रशासकीयगतिविधी व्यवस्थापन | 300000.00 | | तीन लाख रुपैंया |
| सेवापरामर्श | 1500000.00 | | पन्ध्र लाख रुपैंया |
| आर्थिकसहायता | 400000.00 | | चार लाख रुपैंया |
| औषधीउपचार | 500000.00 | | पाँच लाख रुपैंया |
| मर्मतसम्भार | 700000.00 | | सात लाख रुपैंया |
| कर्मचारीकल्याण कोष | 400000.00 | | चार लाख रुपैंया |
| संस्थागतसहयोग | 300000.00 | | तीन लाख रुपैंया |
| युवातथा खेलकुद | 300000.00 | | तीन लाख रुपैंया |
| FRA कार्यक्रम | 250000.00 | | दुई लाख पचास हजार रुपैंया |
| जिन्सीशाखा व्यवस्थापन | 500000.00 | | पाँच लाख रुपैंया |
| वैकल्पिकउर्जा | 400000.00 | | चार लाख रुपैंया |
| सुरक्षानिकाय व्यवस्थापन | 500000.00 | | पाँच लाख रुपैंया |
| दायित्वफिर्ता | 37961.00 | | सैतिस हजार नौ सय एकसठ्ठी रुपैंया |
| | **जम्मा खर्च** | **567610961.00** | छपन्न करोड छिहत्तरी लाख दश हजार नौ सय एकसठ्ठी रुपैंया |

कुल जम्मा ५६ करोड ७६ लाख १० हजार ९ सय ६१ व्यय अनुमान गरिएको छ ।

अन्त्यमा यस सुन्दर धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक ग्रामथान गाउँपालिकाको विकास, सम्बृद्धिका लागि निरन्तर सद्भाव र सहयोग गर्नु हुने सम्पूर्ण गाउँबासि महानुभावहरु, कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी, सामुदायीक संस्था, नागरिक समाजका अगुवाहरु लगायत सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयमा साथ सहयोगको अपेक्षा गरेको छु । आगामी दिनमा पनि यहाँहरुको सक्रिय र सार्थक सहभागिताले यस गाउँपालिकाको समग्र विकासमा टेवा पुग्छ भनि आशा गर्दै बजेट व्यक्तव्य अन्त्य गर्दछु ।

धन्यवाद !

गुनावती देवी थारु
उपाध्यक्ष
ग्रामथान गाउँपालिका